म.प.बै.सं. १८।०८१

## संवत् २०८१ साल भाद्र १७ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयः प्रादेशिक व्यापार तथा व्यवसाय विधेयक मधेश प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

म.प.बै.सं. १९।०८१

## संवत् २०८१ साल भाद्र १९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयः मधेश प्रदेश सरकारका तर्फबाट दातृ निकायसंग Loan Agreement/Project Agreement को मस्यौदामाथि वार्ता एवम् सम्झौता गर्न नेपाल सरकार, अर्थ मन्त्रालयलाई ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय, जनकपुरधामले मधेश प्रदेश सरकारको तर्फबाट सहमति प्रदान गर्ने ।

२. शिक्षा तथा संस्कृति मन्त्रालयः प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

म.प.बै.सं. २०।०८१

**संवत् २०८१ साल भाद्र २६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः गोलबजार न.पा.-५, सिरहाका श्री राज कुमार सिंह र शुद्धोधन गा.पा.-६, कपिलवस्तुका श्री रक्षाराम चमारलाई प्रदेश नीति आयोगको सदस्य पदमा प्रचलित कानून बमोजिम सेवा सुविधा पाउने गरी नियुक्ति गर्ने ।

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः राम कुमार शारदा उमा प्रसाद मुरारका प्रादेशिक अस्पतालको नाममा दानपत्र पारित गर्दा लाग्ने लाभकर प्रचलित कानून बमोजिम छुटको लागि नेपाल सरकार, अर्थ मन्त्रालयलाई सिफारिस गर्ने ।

३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिक्षण अस्पतालको रुपमा रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश मातहतको प्रादेशिक अस्पताल, जनकपुरधाममा ३०० शैयाको अस्पताल सञ्चालनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंमा सिफारिश गर्ने ।